**बैठक संख्या ४** **समयः** विहान ११ बजे **बैठक मिति** २०८२।०८।०९

आज मिति २०८२ साल मंसिर महिना गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामीज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी निर्णयहरु पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | हस्ताक्षर | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री दलजीत सिह धामी | अध्यक्ष |
| २ | | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष |
| ३ | | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ |
| ४ | | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ |
| ५ | | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ |
| ६ | | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ |
| ७ | | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ |
| ८ | | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ |
| ९ | | श्री गणेश टमटा | कार्यपालिका सदस्य |
| १० | | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य |
| ११ | | श्री जोगी टमटा | कार्यपालिका सदस्य |
| १२ | | श्री नरमा धामी | कार्यपालिका सदस्य |
| १३ | | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य |
| १४ | | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य |
| १५ | | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रितः

प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

<u>प्रस्तावहरुः</u>

१. नौगाडगाउँपालिकाको गाउँवस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ स्वीकृत गर्ने सम्बन्धमा।

२. नेपाल सरकारबाट VAT फिर्ता बापत प्राप्त रकम खर्च गर्ने सम्बन्धमा।

३. विद्यालय भवन निर्माण सम्बन्धमा।

४. फोहर संकलन तथा व्यवस्थापन सम्बन्धमा।

५. विपद प्रभावित लाभग्राहीहरुको १० प्रतिशत रकम निकासा गर्ने सम्बन्धमा।

६. इयरकोट सडकका कामदारको ज्याला भुक्तानी सम्बन्धमा।

७. सिप्टी प्रहरी चौकी जाने बाटो खोल्ने सम्बन्धमा।

८. आधारभूत स्वास्थ्य सेवा केन्द्र सुण्डमुण्डको भवनमा संरचना निर्माण गर्ने सम्बन्धमा।

९. टेलिफोन टावरको संरचना निर्माण सम्बन्धमा।

१०. विविध।

प्रमुख प्रशासकीय अधिकृत

माथि उल्लेखित प्रस्तावहरुमा छलफल गर्दा भएका निर्णयहरु:

निर्णय नं १ नौगाडगाउँपालिकाको गाउँवस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय सर्वसम्मत परित गरियो।

निर्णय नं २ भारतीय दुतावासको सहयोगमा निर्माण गरिएको इयरकोट स्वास्थ्य चौकी भवनको निर्माण यस गाउँपालिकाले तिरेको VAT नेपाल सरकारबाट फिर्ता प्राप्त भएकोले उक्त रकम देहाय बमोजिम भुक्तानी गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

तपसिल

| क स | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | इयरकोट स्वास्थ्यको घेरबार र शौचालय मर्मत | १७,१८,७०० | |
| २ | होपपाइप खरिद र सडक सफाइ | ७,९१,८३० | |
| ३ | गोफाखोला काठेपुल र बाटो मर्मत | ९०,००० | |

निर्णय नं ३ चालु आवको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा तपसिल अनुसारका विद्यालयहरु निर्माणका लागि बजेट विनियोजन भएकोमा केहि रकम अपुग हुन सक्ने देखिएकोले लागत अनुमान स्वीकृत गराइ काम गराउने र अपुग रकम स्रोत खोजी चालु आवमानै भुक्तानी गर्ने तथा स्रोत प्राप्त नभएमा आगामी आवमा भुक्तानी दिने निर्णय सर्वसम्मत पारित गरियो।

| क स | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | भूमिराज आवि रैचु | नौगाड ६ | |
| २ | भूमिराज आवि धौलोटे | नौगाड ५ | |
| ३ | ताराकोट आवि जामिर | नौगाड ३ | |

निर्णय नं ४ नौगाड गाउँकार्यपालिकाको कार्यालयबाट निस्किने फोहोर सकलन तथा व्यवस्थापनका लागि तत्काल संरचनाहरु निर्माण गर्न आवश्यक देखिएकोले पालिकाको गेट बाहिर रहेको सार्वजनिक खाली जग्गामा संरचना तयार गराउन कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ५ मनसुनजन्य विपदबाट प्रभावितहरुको घर पुन निर्माणका लागि यस गाउँपालिकाले व्यहोर्नु पर्ने २० प्रतिशत अंश मध्ये १० प्रतिशत अंश जिल्ला विपद व्यवस्थापन कोषमा जम्मा भइसकेको र बाकि १० प्रतिशत अंश जम्मा गर्दा हाललाई घर पुनर्निर्माण सुरु गरेका लाभग्राहीहरुको मात्र जम्मा गरिदिने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ६ जामिर इयरकोट सडकखण्डको चट्टानी भागमा ढुङ्गा खसाल्नका लागि कामदारहरु लगाइएकोमा प्रमाणित डोर हाजिरीका आधारमा दैनिक ज्याला भुक्तानी गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ७ यस गाउँपालिकाको वडा न ४ स्वास्थ्य चौकी देखि सिप्टी प्रहरी चौकीको जग्गा रहेको ठाउँमा जाने बाटो प्राविधिक लागत अनुमान तयार गराइ तत्काल बाटो खोल्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ८ आधारभूत स्वास्थ्य सेवा केन्द्र नौगाड २ सुण्डसुण्डमा केहि संरचना हरु तत्काल बनाउनुपर्ने देखिएकोले तत्काल बनाउनुपर्ने संरचनाहरु निर्माण गराउने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ९ यस नौगाड गाउँपालिकाको नागु क्षेत्रमा नेपाल टेलिकमको टावर जडानका लागि आवश्यक केहि संरचनाहरु पालिकाले बनाउनुपर्ने भएकोले आवश्यक संरचना बनाउने निर्णय सर्वसम्मत पारित गरियो।

प्रमुख प्रशासकीय अधिकृत